सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन तथा [illegible] शाखा)

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली, नेपाल २०७४

प.सं. २०८३।८४
च.नं. ११८

धनगढी, कैलाली
नेपाल

मिति-२०८३/०५/०९

विषयः <u>सचिव बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा</u> ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (महाशाखा सबै),
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री आर्थिक मामिला मन्त्रालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत विषयमा श्रीमान् प्रमुख सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०५/०८ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको सचिव बैठकको निर्णयको छायाँप्रति (पाना-२) यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा सादर अनुरोध छ ।

२०८३।५।९
(जगदीश जोशी)
उपसचिव

<u>सादर अवगतार्थ-</u>
श्री माननीय मुख्यमन्त्रीज्यूको सचिवालय,
श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

मिति २०८३/५/८ गतेको सचिव बैठकका निर्णयहरू:

१. चालु आ.व.मा हालसम्म प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भइनसकेको सन्दर्भमा मन्त्रालय/निकायहरूको कार्यसम्पादनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो।

२. प्रदेश सभा, सार्वजनिक लेखा समितिबाट निर्देशन भएका विषयमा सबै मन्त्रालय/निकायले देहायबमोजिम गर्ने:-

- अनिवार्य रूपमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गर्ने।
- सेवाको गुणस्तर सुधार, एकद्वार सेवा प्रणाली कार्यान्वयन, निर्माण तथा खरिद कार्यको गुणस्तर, स्वतःप्रकाशन, विवरण सार्वजनिकीकरण, अनुगमन मूल्यांकनमा सुधार आदि मार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याई प्रदेशमा सुशासनको प्रत्याभूति हुनेतर्फ ध्यान दिने।
- हालसम्मका मन्त्रिपरिषद्बाट भएका निर्णयहरू कार्यान्वयन भए नभएको बारेमा सम्बन्धित मन्त्रालयले यथार्थ अध्ययन गरी कार्यान्वयनको अवस्था र कार्यान्वयन नभएको भए सोको कारणसहितको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १५(पन्ध्र) दिनभित्र उपलब्ध गराउने।
- डोटी जिल्लामा रहेका निर्देशनालयहरूको कैलाली र कञ्चनपुरमा वा अन्य जिल्लामा सम्पर्क कार्यालयहरू रहेका भए त्यस्ता सबै सम्पर्क कार्यालयहरू तत्काल बन्द गर्ने, गराउने।

३. यस प्रदेशमा केही प्राविधिक सेवामा कार्यरत अत्याधिक संख्याका कर्मचारीहरूले अध्ययन विदा र असाधारण विदा माग गर्ने परिपाटी देखा परेको र यसले गर्दा कार्यालयको सेवाप्रवाह र सेवाको गुणस्तरमा समेत नकारात्मक असर परिरहेको देखिएको सन्दर्भमा सोको अध्ययन गरी सुझाव पेश गर्न देहायबमोजिमको अध्ययन कार्यदल गठन गर्ने:-

(क)प्रदेश सचिव (प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय- संयोजक

(ख)प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

(ग) प्रदेश सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(घ) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय

(ङ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय

४. सबै मन्त्रालयहरूले आफू मातहतका अस्थायी कार्यालयको अस्थायी दरबन्दी स्वीकृती सम्बन्धी कार्यका लागि प्रदेश निजामती सेवा ऐन नियमबोजिमको प्रक्रिया अपनाई एक हप्ताभित्र पेश गर्ने।

५. सबै मन्त्रालय/निकायहरूले आफ्नो र मातहतका निकायहरूमा शून्य बेरूजु कायम गर्ने गरी कार्य सम्पादन गर्ने गराउने। साथै बेरूजु समपरीक्षण सम्बन्धी कार्यलाई समेत उच्च प्राथमिकता दिने।

वैकुण्ठ प्रसाद अर्याल
प्रमुख सचिव

६. सबै मन्त्रालय/निकायहरूले सरकारी बजेट खर्च हुने जुनसुकै खरिद प्रक्रियामा पूर्ण रूपमा जिम्मेवार र संवेदनशील भई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आधारित भएर मात्र खरिद तथा दाखिला प्रक्रिया अवलम्बन गर्ने, गराउने।

७. योगदानमा आधारित निवृत्तभरण पाउने गरी प्रदेश र स्थानीय तहमा नियुक्त हुने कर्मचारीहरूको सेवा सुविधाका सम्बन्धमा भविष्यमा पर्ने दायित्व पूर्ति गर्न तत्काल गर्नुपर्ने प्रक्रिया, विधि र उपायका सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले अध्ययन गरी सुझाव सहितको प्रतिवेदन उपलब्ध गराउने।

८. जेनजी आन्दोलनको क्रममा भएको आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त भई काम नलाग्ने अवस्थामा रहेका बिभिन्न भौतिक मालसामान लगायतका सामग्री मिनाहा तथा लिलाम गर्ने सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३।४।१९ को निर्णय समेतका आधारमा सबै मन्त्रालय/निकायले आवश्यक प्रक्रिया पूरा गरी शीघ्र कार्य सम्पन्न गर्ने।

९. सबै मन्त्रालय/निकायले एक हप्ताभित्र आफ्नो र मातहतका निकायहरूको गत आ.व.को वार्षिक प्रगति समिक्षा सम्पन्न गरी प्रगति विवरण, समस्या, चुनौती एवं समाधानका उपायहरू र आगामी कार्यदिशा सहित आगामी प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) को बैठकमा पेश हुने विषयहरू पहिचान गर्ने।

१०. सबै मन्त्रालयहरूले मातहतका निकायहरूका कार्यरत स्थायी, अस्थायी र करार सबै किसिमका कर्मचारीहरूको विवरण संकलन गरी अभिलेख अद्यावधिक गर्ने। साथै अद्यावधिक गरिएको कर्मचारीको विवरण २०८३ भाद्र २५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने। यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कर्मचारी अभिलेख शाखाले आवश्यक पहल गर्ने।

११. प्रदेश मातहतका सबै स्थानीय तहहरूमा कार्यरत स्थायी, अस्थायी र करार सबै किसिमका कर्मचारीहरूको विवरण माग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कर्मचारी अभिलेख शाखाले सोको विवरण अद्यावधिक गर्ने।

१२. नेपालको संविधानको धारा ५३ बमोजिम वार्षिक प्रतिवेदन तयार गर्न आवश्यक पर्ने विवरण सबै मन्त्रालय/निकायहरूले ७ (सात) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

१३. नेपाल सरकारको शासकीय सुधारको मार्गचित्र अन्तरगत सरकारका शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरू मध्ये आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरूको कार्यान्वयनको प्रगति विवरण तयार गरी ७ (सात) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

वैकुण्ठ प्रसाद अर्याल
प्रमुख सचिव